दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : | संख्या : १२ | मितिः २०७५।६।१४ |

## भाग-२

## दमक नगरपालिका, झापा

**प्रस्तावना :** दमक नगरपालिका अन्तर्गतको वडा नं. ६ स्थित भौतिक संरचना सहित बनाईएको नमूना बजार संरक्षण तथा प्रवर्द्धनको लागि यो कार्यबिधि बनाईएको छ । यस कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयन हुनेछ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम **"नमूना बजार संरक्षण तथा प्रवर्द्धन कार्यविधि"** २०७५ रहेको छ ।

२. यो कार्यबिधि नगर कार्यपालिकाको निर्णय भई राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **नमूना बजार** भन्नाले दमक वडा नं ६ अर्न्तगत रहेको नमूना बजार लाई सम्झिनु पर्दछ ।

(ख) **समिति** भन्नाले दमक नमूना वजार व्यवस्थापन गर्नका लागि निर्माण गरिएको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## नमूना बजार संरक्षण तथा प्रवर्द्धन

३. **नमूनाबजार संरक्षण तथा प्रवर्द्धन समितिको गठनः** यस नमूना बजार संरक्षण तथा प्रवर्द्धनको लागि नगरपालिकाको मातहतमा रहने गरी देहाय अनुसारको ९ सदस्यीय एक समिति गठन गरिने छ । उक्त समितिमा सम्बन्धित वडाको वडा अध्यक्ष संयोजक र वडा सचिव समितिको सदस्य सचिव रहने साथै वांकी पदाधिकारीहरुको चयन नगर कार्यपालिकाबाट गरिने छ । उक्त समितिको नाम नमूना बजार संरक्षण तथा व्यवस्थापन समिति रहने छ ।

४. **समिति पदाधिकारीको ढांचाः** (१) नमूना बजार संरक्षण मितिमा रहने पदाधिकारीहरुको संरचनागत ढाँचा निम्न अनुसार रहेको हुनेछ :

| | | |
|---|---|---|
| (क) संयोजक | - | १ |
| (ख) सह-संयोजक | - | १ |
| (ग) कोषाध्यक्ष | - | १ |
| (घ) सदस्य | - | ५ |
| (ङ) सदस्य सचिव | - | १ |
| **जम्मा संख्या** | | **९** |

**५. समितिको काम, कर्तव्य र अधिकार** : (१) बजार व्यवस्थापन समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसारको हुनेछः–

(क) यस नमूना बजार लगायत आसपास क्षेत्रमा सवारी पार्क व्यवस्थापन, हरियाली प्रवर्द्धन र फोहोरमैला व्यवस्थापन सम्बन्धी सबै कार्यक्रममा समन्वय, अनुगमन, मुल्याङ्कन तथा समीक्षा गर्ने ।

(ख) यस नमूना बजारलाई थप आकर्षक बनाउने सम्बन्धमा आवश्यक कृयाकलाप सञ्चालन गर्न कार्यक्रम बनाई नगर परिषद्मा सिफारिस गर्ने तथा यस नगरपालिका अन्तर्गतको वातावरण शाखासंग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।

(ग) नमूना बजार परिसरमा अवस्थीत सम्पुर्ण व्यवसायी, घरधनी र बुद्धिजिवी ब्यक्तित्वहरुलाई नमूना बजार संरक्षण सम्बन्धी अभिमुखिकरण गराई नमूना बजार संरक्षणमा जिम्मेबार बनाउने ।

(घ) पार्किङ्ग शुल्क, जरिवाना शुल्क लगायत अन्य शुल्कको दर रेट तोकी नगरबोर्डबाट पारित गराई लागू गर्ने ।

(ङ) नमूना बजार संचालनमा खटिने आवश्यक जनशक्तिको व्यवस्थापन, रेखदेख, निर्देशन, कार्य मुल्यांकन आदी कार्य गर्ने ।

(च) नगरपालिका बोर्डको निर्णय अनुसार मर्मत संभार कोष संचालन तथा ब्यवस्थापन गर्ने ।

(छ) वातावरण दिवस लगायत अन्य दिवसहरुमा सम्बन्धित सरोकारवालाहरु संग समन्वय गरी सडक सफाई, बृक्षारोपण जस्ता कृयाकलाप गर्ने ।

(ज) नमूना वजारको अवधारणा अनुसार वनाईएको संरचनालाई सुरक्षित राख्नको लागि सवारी साधनको आवत जावतमा रोक लागउने ।

(झ) यस कार्यविधिमा उल्लेख भएको बाहेकको कार्य गर्नु परेमा नगरबोर्डमा पारित गराई कार्यान्वयन गर्ने ।

(ञ) कार्य सम्पादन्को लागि आवश्यक्ता अनुसार विभिन्न उप समितिहरु वनाउन सकिने छ ।

२. समितिको कार्यकाल दुई (२) वर्षको हुनेछ ।

३. यस कार्यबिधि अनुसार गरिने सम्पुर्ण कृयाकलापको रेखदेख वडा नं. ६ अन्तर्गतको वडा समितिले गर्ने छ ।

## परिच्छेद ३
## कोष व्यवस्थापन

६. **मर्मत संभार कोष संचालन गर्ने सम्बन्धमाः** नमूना बजारमा भएको भौतिक तथा जैविक संरचना संरक्षणको लागि नमूना बजार संरक्षण तथा ब्यवस्थापन समितिको नाममा समितिको संयोजक, कोषाध्यक्ष र सदस्य सचिवको हस्ताक्षरमा खाता सञ्चालन हुने गरी एक मर्मत संभार कोष खडा गरिनेछ । उक्त कोषमा रकम संकलनको लागि तल उल्लिखित विभिन्न कृयाकलाप गर्न सकिने छ । मर्मत कोषको प्रमुख उद्देश्य यस नमूना बजार भित्र रहेका भौतिक संरचनाहरुको संरक्षण गर्न, हरियाली प्रवर्द्धन कार्य गर्नु साथै नियमित सरसफाई र बजार सुरक्षा जस्ता कृयाकलाप कार्यमा खर्च गर्नु हुनेछ । उक्त कोषको स्वामित्व नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

(क) **स-शुल्क पार्किङ्गको व्यवस्था**: नमूना.बजार संग जोडिएको थाना सडक, पशुपति बजार र नगरपालिका बजारको पुर्वी किनारमा ब्यवसायिक तथा आगन्तुकहरुलाई असर नपर्ने गरी आवश्यक पर्ने ग्रिल अथवा डोरीको अस्थाई संरचना व्यवस्था गरी नगरपालिकाले तोके अनुसारको दरमा स-शुल्क पार्किङ्गको व्यवस्था गर्ने ।

(ख) **मोबाईल रेष्टुरेन्टको अनुमति सम्बन्धमा:** नमूना बजार सडक परिसर भित्र आगन्तुकहरुको सुविधाको लागि स्वस्थ्यकर चिया खाजा उपलव्ध गराउने गरी खाली स्थानको अवस्था हेरी मोबाईल रेष्टुरेन्टहरु राख्नको लागि आ.व. २०७५/०७६ मा वोलपत्र आव्हान गरी आवश्यक्ता अनुसारको संख्यामा मोबाईल रेष्टुरेन्ट संचालनको लागि अनुमति दिन सकिने ब्यवस्था गरिने छ ।

(ग) **थप आय श्रोत सम्बन्धमा**: नमूना बजारलाई संरक्षण तथा प्रवर्द्धन गर्नको लागि खडा गरिने मर्मत संभार तथा ब्यवस्थापन कोषमा रकम संकलन गर्नको लागि समितिले विभिन्न आयआर्जन कृयाकलाप गर्न सक्ने छ साथै नमूना बजार भित्र सञ्चालन हुने कार्यक्रमहरुमा समितिले तोकेबमोजिम शुल्क लिईने छ ।

(घ) **सुझाव पेटिका र मर्मत सम्भार सहयोग पेटिका स्थापना सम्बन्धमा:** यस नमूना बजारलाई थप आर्कषक बनाउन आगन्तुकहरुबाट राय सुझावको लागि एक सुझाव पेटिका ब्यवस्था गरिने छ ।

## परिच्छेद ४
## विविध

७. **हरियाली प्रवर्द्धन सुरक्षा सम्बन्धमा:** नमूना बजारमा पानीको फोहरा र रंगिन बत्ति पछिको तेस्रो आकर्षण गमला सहितको

रंगीचंगी फुल भएको हुंदा तहां स्थित सम्पूर्ण घर धनी तथा व्यवसायीहरुसंग सोको संरक्षण तथा स्याहार सम्बन्धमा लिखित रुपमा प्रतिवद्धता गराई संयुक्त रुपमा निम्नानुसारको कृयाकलाप गरी संरक्षण प्रवर्द्धन गर्ने ।

(क) **गमला व्यवस्थापन**: नमूना बजारको दुवै किनारमा फुल सहितको गमलाको ब्यवस्था प्रथम पटकको लागि नगरपालिकाले गर्ने छ । त्यस पश्चात, मर्मत संभार कोषमा जम्मा हुने रकमबाट गरिने छ ।

(ख) **फुल/विरुवा व्यवस्थापन:** सिजन अनुसारको फुल हुने हुंदा गमला खालि हुन नदिन एक नर्सरीको व्यवस्था नगरपालिका/समितिले गर्नेछ । नर्सरी स्थापना नभए सम्म निजी नर्सरीबाट खरिद गर्न सकिने छ ।

(ग) **पर्यावरण व्यवस्थापन तथा सुरक्षा सम्बन्धमा:** नमूना बजारमा हरियाली प्रबर्द्धन तथा सुरक्षाको लागि समितिले आवश्यक ब्यवस्था गर्नेछ । हरियाली प्रबर्द्धन तथा सुरक्षाका लागि घरधनी र व्यवसायीहरुको पनि उतिकै भुमिका रहने ब्यवस्था मिलाइने छ । समितिको कोषमा बजेट ब्यवस्था नभए नगरपालिकाले उपलव्ध गराउने छ ।

८. **फोहोरमैला व्यवस्थापन सम्बनधमा:** यस नगरपालिकामा फोहोरमैला ब्यवस्थापनमा केहि कठिनाई देखिए पनि नमूना बजारमा पर्यटक तथा आगन्तुकहरुको आगमनमा दिनानुदिन बृद्धि भइरहेको देखिएकोले यस बजारलाई विभिन्न व्यवस्था सहितयस क्षेत्रलाई पुर्णरुपले फोहोरमैला मुक्त क्षेत्र बनाइने छ । साथै, यसका लागि सडकमा फोहोरमैला फाल्न नदिने गरी देहाय अनुसार ब्यवस्था गरिने छ ।

(क) **डस्टविनको व्यवस्थाः** एक सटर २ डस्टविनको अवधारण अवलम्बन गरिने छ । कुहिने फोहोर र नकुहिने फोहोरको छुटा छुट्टै स्टिकरटाँसी सबैले देख्ने गरी प्रत्येक सटरको अगाडि व्यवसायी स्यम्ले राख्ने ब्यवस्था गर्नु पर्नेछ । यस नमूना बजारको बांकि स्थानहरुमा नगरपालिकाले डष्टविनको व्यवस्था गर्नेछ ।

(ख) **सूचना पाटीको व्यवस्थाः** यस बजारको विभिन्न सम्भावित स्थानहरुमा फोहोरमैला मुक्त क्षेत्र प्रवर्द्धन सम्बन्धमा विभिन्न जनचेतना मुलक सूचना सहितको स-साना सूचना पार्टीहरुको व्यवस्था गरिने छ ।

(ग) **मोवाईल रेष्टुरेन्टबाट निस्किने फोहोर व्यवस्थापनः** अनुमति लिई संचालनमा रहने मोवाईल रेष्टुरेन्टबाट निस्किने फोहोरको व्यवस्थापन स्यमं रेष्टुरेन्ट धनीले छुटा छुटै डष्टविनमा गर्नु पर्नेछ । पसल वन्द गर्ने वेलामा सम्पुर्ण फोहोर सोहि परिसरमा रहने फोहोर संकलन रिक्सामा लगाउनु पर्नेछ ।

९. **अपाङ्ग मैत्रीद्वारको व्यवस्थाः** दमक नमूना बजारलाई अपांङ्गमैत्री बनाउन दुई प्रमुख प्रवेश द्धारको Wheel Cheer छिर्न सक्ने एक अपांङ्गमैत्री प्रवेश द्वारको ब्यवस्था मिलाइने छ ।

१०. **जरिवाना सम्बन्धी व्यवस्थाः** दमक नमूना बजार फोहोरमैला मुक्त तथा वातावरण मैत्री क्षेत्र घोषणा गरी उपयुक्त स्थानहरुमा जानकारी मूलक होडिङ्गबोर्डको ब्यवस्था गरिने छ । सो अनुसार नगरेमा कारवाही तथा जरिवाना गरिने छ ।

(क) फोहोर जथाभावी फाल्न नपाईने ।

(ख) सवारी साधन निषेधित क्षेत्रमा प्रवेश गराउन नपाईने ।

(ग) यस बजार हाता भित्र मादक पदार्थ सेवन गर्न नपाईने ।
(घ) कुनै पनि किसिमको फुल तथा पात टिप्न नपाईने ।
(ङ) निर्मित भौतिक संरचना तोडफोड र क्षति पुऱ्याउन नपाईने ।
(च) धुम्रपान गर्न नपाईने ।
(छ) कानूनले निषेध गरेका तथा सामाजिक मार्यादा विपरीतको कृयाकलाप गर्न नपाईने ।

११. **अन्य व्यवस्थाः** नमूना बजार व्यवस्थापन गर्नका लागि आवश्यक अन्य व्यवस्थाहरु यस प्रकार रहेको छ :

**क) फोहोर टिपन टापन :** छिटफुट छरिएर रहेको फोहोर भेटिएमा सर्व साधरण जो सुकैले पनि टिपेर नजिकैको डष्टविनमा राख्न सक्ने छ । साथै, यस नगरपालिका संग आवद्ध जो सुकैले पनि त्यस बजारमा आवत जावत गर्दा आँखाले देखे जतिको फोहोर डस्टविनमा राखी वातावरणमैत्री कृयाकलापको थालनी गरी दिन हुनेछ । यसको साथै, सुरक्षामा खटिएका गार्ड लगायत अन्य कर्मचारी पनि फोहोर संकलन कार्यमा कृयाशिल रहने छ ।

**ख) आवश्यक जनसक्तिः** नमूना बजार रेखदेख, सरसफाई तथा अन्य आवश्यक कार्य गर्नको लागि आवश्यकता अनुसार जनशक्ति चाहिएमा समितिको निर्णय तथा नगरपालिका संग स्वीकृती लिई कामकाजमा खटाउन सक्नेछ । यसरी कामकाजमा खटिएको कर्मचारीले संतोषजनक कार्य गर्न नसकेमा समितिले अर्को जनशक्तिको ब्यवस्था गर्न सक्नेछ ।

**ग) थप कार्यक्रम संचालन सम्बन्धमाः** मर्मत सम्भार, सरसफाई, बिजुली पानी, सुरक्षा, जनशक्ति तलब, लगाएतको शिर्षकमा खर्च गरी बचेको रकम त्यस क्षेत्रमा थप हरियाली प्रवर्द्धन

तथा आकर्षक बनाउन प्रस्ताव स्वीकृत गराई कार्यक्रम संचालन गर्न सक्ने छ ।

**घ) अनुगमनको व्यवस्थाः** नमूना बजारमा फोहोर मैला व्यवस्थापन, सरसफाई, फुलबारी स्याहार जस्ता कार्यहरु नियमित रुपमा भएको नभएको बुझ्न समितिले नियमित अनुगमन गर्ने छ । साथै, अनुगमनको प्रतिवेदन नगरपालिका अन्तर्गतको वातावरण तथा विपद व्यवस्थापन समितिमा बुझाउनु पर्ने छ ।

**ङ) सूरक्षा व्यवस्थाः** नमूना बजारको सुरक्षाको लागि चौकीदारको व्यवस्था गरिने छ । चौकीदारको रेखदेख, निर्देशन, कार्य मुल्यांकन नमूना बजार संरक्षण समितिले गर्नेछ । साथै सुरक्षाका लागि समिति, वडा कार्यालय र नगरपालिकाले स्थानीय प्रहरी, प्रशासन विच आवश्यक समन्वय गर्नेछ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**